श्री ...........................................................................................को

विधान

प्रस्तावनाः

नेपाल एशिया महाद्विपको विकासउोन्मूख हिमाली राज्य हो । नेपाल सरकार यस मुलुकका अझै गरीवीको रेखामुनी रहेका आफ्ना नागरिकहरूको जीवनस्तर उकास्नको प्रयासरत रहेको छ । नेपालको सामाजिक संरचना, गरीवी, छुवाछुत, जातीय भिन्नता र असमानताको चपेटामा निर्दैष बालबालिकाहरू परिरहेको अवस्ता रहेका छ । बालबालिकाहरू भविष्यको नेपाल बनाउने मुहान हुन । गरीवीको चपेटाबाट बालबालिकाहरूको भविष्य उज्वल हुन सम्भव छैन । अतः नेपाल अधिराज्यको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रबाट अत्यन्त पछाडी परेका बालबालिकाहरूलाई गाँस, बास र कपासको उचित ब्यवस्था गरी विद्यालय शिक्षा उपलब्ध गराउनको अलावा ब्यावसायिक सिपमुलक तालिमसमेत दिई आत्मनिर्भर बनाउन, विभिन्न परिस्थितिमा अनाथ भएर समाजबाट अलग भई जीवन यापन गरिरहेका, सडक बालबालिकाको रूपमा अलपत्र भै मागेर हिँडी रहेका बालबालिकाहरूलाई सुधार गृहमा स्थापित गरी शिक्षा, स्वास्थ्य लगायत न्यूनतम आधारभूत आवस्यकतालाई परिपूर्ति गरी उनीहरूको सुनिश्चित भविष्यको निर्माण गर्न बाँन्छनिय देखिएकोले, द्वन्द, गरीवि, छुवाछुत, जातिय भिन्नता र असमानता जस्ता कारणले दिन प्रतिदिन बालबालिकाहरू प्रत्यक्षरूपमा प्रभावित भएर अनाथ, असहाय, टुहुरा भई बाँचिरहेका छन। यस प्रकारका बालबालिकाहरूको लागि राज्यले उपलब्ध गराउने सेवा, सुविधा र प्रयासमात्र पर्याप्त नभएको अवस्था रहेको छ । अतः उपरोक्त बालाबालिकाहरूलाई राज्यको मूल प्रवाहमा ल्याउने नेपाल सरकारको नीति रहेका सन्दर्भमा प्रस्तुत नीतिलाई समेत सहयोग पुऱ्याउने हेतुले .......................................................................,कैलाली नामक मुनाफा रहित गैरसरकारी सामाजिक संस्थाको स्थापनाको लागि यो विधानको तर्जुमा गरिएको छ ।

## परिच्छेद – १

**१. संस्थाको नाम ः**

यस संस्थाको नाम.........................................................................................रहने छ । अंग्रेजीमा ........................................................................ रहने छ । छोटकरीमा यसलाई "..................................................." भनिने छ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना ः

यस संस्थाको केन्द्रिय कार्यालय कैलाली जिल्ला ............................ गा.वि.स.⁄न.पा. वडा नं .... .मा रहने छ ।

(ख) संस्थाको कार्यक्षेत्र ः

यस संस्थाको कार्यक्षेत्र कैलाली जिल्ला .................. गा.वि.स.⁄न.पा. वडा नं. ...... मा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्य भित्र शाखा कार्य क्षेत्र विस्तार गरिने छ ।

(ग) प्रारम्भ

यो विधान संस्था दर्ता भएको मिति देखि लागु हुने छ ।

(घ) संस्थाको अस्तित्व

यो संस्था एक अविच्छिन्न उत्ताधिकारवाला, संगठित, स्वशासित, गैर–नाफामुलक, गैर–राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस विधानमा

(क) "संस्था" भन्नाले ..................................................., कैलालीलाई सम्झनु पर्दछ ।

(ख) "कार्य समिति" भन्नाले यस विधान बमोजिम गठित संस्थाको कार्य समितिलाई सम्झनु पर्दछ ।

(ग) "विधान" भन्नाले ".............................................., कैलालीको" विधानलाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले ..................................................., कैलालीको कोषलाई सम्झनु पर्दछ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ ।

**३. संस्थाको छाप र चिन्ह ः**

प्रचलित ब्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटै छाप र चिन्ह हुनेछ । छाप रू चिन्ह अनुसूची १ बमोजिमको ढाँचा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएका संशोधनका प्रक्रिया द्वारा तुरून्त संशोधन गरनै छ ।

## परिच्छेद – २

**४. संस्थाका उद्देश्यहरू ः**

नेपाल रिकारको नीति निर्देशनको अधिनमा रही कार्य गर्न यस संस्थाका उद्देश्य देहाय बमोजिमको ढाँचामा हुनेट र यो संस्था मुनाफारहित, गैरसरकारी र जनहितकारी समाजिक संस्था हुनेछ ।

(क) नेपाल अधिराज्यको आसर्थक, सामाजिक, साँस्कृतिक एवं शैक्षिक क्षेत्रबाट अत्यन्त पछाडी परेका बालबालिकाहरू को पक्षमा बकालत गर्ने ।

(ख) अनाथ, असहाय, अपाङ्ग, विस्थापित र असक्त बालाबालिकाहरूलाई सम्मानपूर्वक जीवनयापन गर्न सक्ने तुल्याउन आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) अनाथ, असहाय, अपाङ्ग, विस्थापित र असक्त बालाबालिकाहरूलाई उचित ब्यवस्थापन गरी विद्यालय शिक्षा उपलब्ध गराउने ।

(घ) असहाय बालबालिकाहरूलाई गाँस, बास र कपालको ब्यवस्था गर्ने र औपचारिक शिक्षाको अलावा ब्यवसायिक शिक्षा र सीपमूलक तालिम उपलब्ध गराई आत्मनिर्भर बनाउने ।

(ङ) बाल अधिकारका मुल र मान्यताहरूमा आधारित रही बालबालिकाहरू माथि भई रहेका सबै प्रकारका अन्याय, उत्पीडनहरू समाप्त गराउन प्रत्नशिल रहने तथा बाल अधिकारका संरक्षण र सम्बद्धन गर्ने ।

(च) बालअधिकारका पक्षमा जनजागरण ल्याउने तथा तिनका मार्गदर्शक सिद्धान्तहरूलाई ब्यवहारमा उतार्न कार्यमुखी योजना बनाउने ।

(छ) अध्ययन, अनुसन्धान र सर्वेक्षणको माध्ययमाबाट जोखिममा परेका बालबालिकाहरूको समस्या पत्ता लगाई तिनीहरूको समस्या पत्ता लगाउने ।

(ज) अलपत्र, बेसहारा तथा घरबार विहिन चएका बालाबालिकाहरूको पुनःस्थापना तथा बालबालिकाको लागि सान्दर्भिक तथा अर्थपूर्ण सूचिहरू तयार गर्ने ।

(झ) बालबालिका र वातवरण बीचको अन्तर सम्बन्ध र यसका प्रभावहरूको अध्ययन अनुसन्धान गरी प्राप्त जानकारीलाई सार्वजनिक गराउने तथा तत् सम्बन्धि योजनाहरू लागु गराउने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू** ः

यस संस्थाका उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कामहरू गर्नेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरू संस्थाले निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

**५.१ संस्था संचालन गर्न गरिएका प्रतिबद्धताहरूः**

(क) सरकारी निकायका स्वीकृत लिई गर्नु पर्ने कार्यक्रमको हकमा अनिवार्य स्वीकृति लिइने छ ।

(ख) देशमा दैवी प्रकोप वा अन्य समस्या आई परेमा आवश्यकतानुसार सक्दो सहयोग गरिनेछ ।

(ग) यस संस्थाको उद्देश्य पुरा गर्न बन्द, हडताल, चक्काजाम गरिने छैन । दातृनिकाय वा विदेशी देशहरू संग गरिएका दौत्य सम्बन्धमा असर पुग्ने गतिविधी गर्न पाउने छैन ।

(घ) चन्दा लगायत अनियमित आर्थिक कारोबार गरिने छैन ।

(ङ) सूचनाको हक सम्बन्धी ऐन २०६४ को पूर्ण रूपमा पालना गरिनेछ ।

## परिच्छेद – ३
## सदस्यता

**६. सदस्यताको वर्गीकरण ः**

यस संस्थाका ४ प्रकारका देहाय बमोजिम सदस्यहरू रहने छ ।

**(क) साधारण सदस्य**

यस विधानमको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकेको प्रकृया अन्तर्गत आजीन सदस्यता प्रदान गरिने छ ।

**(ख) संस्थापक सदस्य**

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरू यस संस्थाका संस्तापक सदस्य रहनेछन ।

**(ग) आजीवन सदस्य**

संस्थाको विकासका लागि विशेष सहयोग पुऱ्याउने ब्यक्तिलाई तोकिएको प्रकृया अन्तर्गत अनजिवन सदस्यता प्रदान गरिने छ ।

**(घ) मानार्थ सदस्य**

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता ः**

यस संस्थाको सदस्यको लागि देहाय बमाजिमको पुगेको हुनु पर्ने छ ।

(क) नेपाली नागरिक भएको हुनुपर्ने ।

(ख) १६ बर्ष उमेर पुरा गरेको हुनुपर्ने ।

(ग) मानसिक सन्तुलन नगुमाएको हुनुपर्ने ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको हुनुपर्ने ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको हुनुपर्ने ।

**८. संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्थाहरूः**

देहायका कुनै ब्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्नेछैनन् ः-

(क) गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर नपुगेको ।

(ख) मगज विग्रेको वा बौलाएको ।

(ग) दामासाहीमा परेको ।

(घ) कुनै प्रकारको चोरी, ठगी र किर्ते वा जालसाजी गरेको भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार सजाय पाई, सजाए पाएको एक वर्षभित्र ।

(ङ) सम्वन्धित संस्थाको ब्यवसायमा निजी स्वार्थ भएको ।

(च) सदस्यता शुल्क बुझाउँन बाँकी भएको ।

(छ) सार्वजनिक सम्पत्ति हिनामिना नगरेको

**९. सदस्यता समाप्ति**

१. देहाएको अबस्थामा कुनै ब्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

(क) यस विधानको दफा ८ बमोजिमको सदूउ पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाबाट ७५% को बहुतले संस्थाको सदस्यको सदस्य पदबाट हटाउँने प्रस्ताब पारित गरेमा

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारबहिमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको काम गरेमा

(च) सदस्यता शुल्क बुझाउन बाँकी रहेमा ।

(छ) संस्था विघटन भै खारेज भएमा ।

२. यस विधान बमोजिम संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाको निजलाई सो कुराको सूचना दिई सफाईको सबुत पशे गर्ने दिनुपर्ने छ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि ः-**

यस विधानको दफा ६ बमोजिम सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**(१) साधाराण सदस्य ः**

(क) साधारण सदस्य प्राप्त गर्न चाहने ब्यक्तिले प्रवेश शुल्क वापत रू. .........।- बार्षिक शुल्क वापत रू.........।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यत प्रदान गर्न सकिनेछ ।

(ख) त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रू............।- बुझाउनु पर्ने छ ।

(ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यहरूले प्रत्येक बर्ष बैशाख महिनाको मसान्तभित्र नविकरण गराई सक्नुपर्नेछ । त्यसपछि हकमा तोकिएको बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ ।

**(२) संस्थापक सदस्य**

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरुले शुरुमा संस्था दर्ता गर्दाको बखत संस्था दर्ता भएको मितिले .......... भित्र एकमुष्ठ रकम रू. ............... बुझाउनु पर्नेछ ।

**(३) आजिवन सदस्य**

संस्थामा एकमुष्ठ रू................।- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ ।

**(४) मानार्थ सदस्य**

साधारण सभाको निर्णयले उपयुक्त ठानेका समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ तर मानार्थ सदस्यको माताधिकार रहने छैन ।

(५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहतिको जानकारी आवेदक लाई दिईने छ ।

(६) सबै सदस्यहरूले यस विधान र अन्तर्गत बनेका नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

(७) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

**परिच्छेद - ४**

## साधारण सभा तथा कार्य समिति

**११. साधारण सभाको गठन**

(१) यस संस्थाको धिानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बोहक अन्य सदस्यहरूबाट संस्थाको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरू आमन्त्रित हुने छन । साधारण सभा संस्थाको सर्वोच्च अंग हो ।

(२) यस सस्थाको साधारण सभा देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा : बर्षको एक पटक बार्षिक साधारण सभा बस्ने छ ।

(ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रूपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छ ।

(३) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ त्यपछिका बार्षिक साधारण सभाहरू आर्थिक वर्ष समप्त भएको मितिले २ (दई) महिनाभित्र गरिनेछ ।

(४) यस संस्थाको बार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र बिशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगाबै सभा हुने ठाउँ, मिति र छलफल गर्ने बिषय खोली सबै साधारण सदस्यलाई सूचना दिईने छ ।

(५) उप-दफा (३) बमोजिम बोलाईएको सधारण सभा वा विशेष साधारण सभामा नियम १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ ।

(६) साधारण सभा तथा विशेष साधारण सभाको छट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम, कर्तब्य र अधिकार :**

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू वा बार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परिक्षणबाट प्राप्त भएको बार्षिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरूजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू अशुल उपर गरी फर्छयौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने,

(ग) आगामी बर्षका लागि लेखा परिक्षकको नियुक्ती गर्ने

(घ) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संसथाले गरेका कार्यहरूको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि वुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिम प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने,

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन नियम तथा विनियम स्वीकृत गर्ने

(छ) मानार्थ सदस्यता प्रदान गर्ने,

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरूको, औचित्य हेरी अनुमोदन गर्ने

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधानहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठनः**

(१) साधारणसभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरू ७ सदस्यको एक कार्यसमिति गठन गरिने छ ।

१. अध्यक्ष १ जना
२. उपाध्यक्ष १ जना
३. सचिव १ जना
४. सह-सचिव १ जना
५. कोषध्यक्ष १ जना
६. सदस्यहरू ४ जना
जम्मा ९ जना

(२) कार्यसमितिको कर्यकाल २ वा ३ बर्ष हुनेछ ।

(३) बार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन अएमा बांकि अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ । कनै सदस्यको पद वीचमा रिक्त भएमा सो पदमा नियुक्ति भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो, सो सदस्य बांकि कार्यकलसम्मका लागी मात्र हुनेछ । तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिने छ ।

(४) कार्य समितिको बैठक आबश्यता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य सख्याको ५१% सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बलाउनु पर्नेछ ।

(५) कार्य समितिको बैठकमा सदस्य स्वयम् उपस्थिति हुनु पर्नेछ ।

(६) सदस्यहरूको जम्मा संख्याको कम्तिमा ५१% सदस्यहरू उपस्थिति नभई कार्य समितिको बैठक हुनेछैन ।

(७) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले छाने वा जेष्ठे सदस्यले अध्यक्षता गर्नेछ ।

(८) कार्य समितिको बैठकमा बहुमतको निर्माण मान्ने हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(९) कार्य समितिको बैठकमा छलफल भएको बिषय र तत् सम्बन्धमा भएको निर्णयको बिबरण (माईन्युट) छुट्टै किताबमा लेखी राख्नु पर्नेछ र सो निर्णय बिबरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरूले सही गर्नु पर्नेछ । तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्ने छैन ।

(१०) मथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरू लिखितरूपमा समहत भएमा त्यस्तो सहमति निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न किनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको निर्णय सरह मानिने छ ।

**१४. कार्य समितिको काम, कर्तव्य र अधिकार**

(१) संस्थाको आगामि बर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(२) विधान बमोजिमको ब्यवस्था कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा पेश गर्ने ।

(३) संस्थाको हितमा हुने कार्यक्रमहरू संचालन गर्ने ।

(४) साधारण सभा प्रति उत्तरदायी रहने ।

(५) संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

(६) संस्थाको कार्य सम्पादन कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वियन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

(७) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचलन गर्ने ।

(८) संस्थाको कर्मचारीहरूको सेवा, शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण साभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(९) संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त ब्यक्तिहरूको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाँडफाँड गर्ने ।

(१०) संस्थाको नेतृत्वखायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने** :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन ।

**१६. अन्य समितिहरू :**

(क) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरू गठन गर्न सक्ने छ तर साधारण सधाको बैठकद्धारा अनुमोदन गराउनु पर्ने छ ।

(ख) उप मितहरको कार्यहरू समतिले तोकी दिए बमोजिम हुने छ ।

## परिच्छेद-५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**(१७) कार्य समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार ः**

**(१) अध्यक्ष ः-**

यस संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ

(क) साधारण सभाको अधिवेशन रकार्य समितिको अध्यक्षता गर्ने र कार्य समिति र साधारण सभामा मत विभाजन भई मत बराबर भएमा निर्णायक मत दिने

(ख) संस्थाको सर्वोच्च अधिकारीको रुमा रही पदाधिकारीहरुको काम बाँडफाँड गर्ने र संस्थाको आवश्यकत विकासको लागि संस्थाको दैनिक कार्य संचालन गर्ने ।

(ग) कार्य समतिको बैडक नबसेको अवस्थामा कुनै कार्य गर्ने आपशयक देखिएमा सो कार्य गरी निकट बैठकमा सो को अनुमोदनको लागि पेश गर्ने

(घ) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तर्राष्ट्रिय संघ संस्थामा संस्थाको प्रतिनिधित्व गराउन ।

(ङ) अभिलेख प्रमाणित गर्ने ।

**(२) उपाध्यक्ष ः-**

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने जिम्मा लिने

**(३) सचिव ः -**

(क) संस्थाको सचिवालयको रेखदेख गर्ने

(ख) अध्यक्षको निर्देशन अनुसार कार्य समितिमा साधारण सभाको बैठक बोलाउने र सो बैठकको लागि छलफलका विषयहरूको सूची तयार गर्ने

(ग) अभिलेख सुरक्षित राख्ने

(घ) साधारण सभाको अधिवेशन कार्य नीतिको बैठकमा भएका निर्णयहरू कार्यान्वयन गराउने ।

(ङ) संस्थाको कार्यालयशाखा कार्यालय आदिको प्रशासकीय कुरामा रेखदेख, नियन्त्रण तथा निर्देशन गर्ने

(च) कर्मचारीहरूलाई नियुक्ति गर्नु पर्ने भएमा सो प्रस्ताव कार्य समितिमा पेश गर्ने

(छ) काउ समिति र अन्य समितिहरू बीच समन्वय कायम गर्ने र संस्थाको सम्पूर्ण प्रशासनिक कार्यहरू गर्ने ।

**(४) कोषाध्यक्ष ः-**

(क) संस्थाको कोषको रेखदेख तथा संचालन गर्ने ।

(ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरूस्त राख्ने ।

(घ) नियमित रूपमा बार्षिक लेखापरिक्षण गराउने ।

(ङ) संस्थाका आय ब्ययको हिसाव दुरूस्त राख्ने र आय ब्ययको अनुमान तथा लेखा परिक्षकको प्रतिवेदन कार्य समिति तथा साधारण सभामा पेश गर्ने ।

**(५) सदस्य ः -**

(क) समितिको बैठकमा सक्रिय सहभाथिता जनाउने

(ख) संस्थाको कार्यमा रचनात्मक भुमिकाको निर्वाह गर्ने

(ग) संचालक समितिले खटाएको कुनै पनि काम गर्ने

**१८. गणपुरक संख्या ः**

(क) कुल सदस्य संख्याको ६०% को प्रतिनिधित्व हुनेगरी साधाराण सदस्यहरू उपस्थिति नभई साधारण सभाको काम कारबाही हुनेछैन ।

(ख) विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनः बोलाईएका साधारण सभामा कुल संस्थापक संख्याको ५१% प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

(ग) दोस्रो पटक गुण पुरक संख्या नपुगि तेस्रोपटक बोलाईएको साधारण सभामा उपस्थित संख्या नै गणपुरक मानिने छ

**परिच्छेद-६**

## १९. आर्थिक व्यवस्था

(१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू जम्मा हुनेछन् ।

(क) सदस्यता शुल्क वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क

(ख) कसैले स्वेच्छाले दिएको अनुदन, सहायता वापत प्राप्त रकम

(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य बस्तुको विक्रीबाट प्राप्त रकम

(घ) नेपाल सरकारबाट हुने आर्थिक सहयोग दान उपहार आदि

(ङ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम

(च) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम

(२) विदेशी संघ-संस्थाबाट अनुदन रकम लिने भए संस्थाले अर्थ मन्त्रालयको स्वीकृति लिनेछ ।

## २०. खाता सञ्चालन :–

संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिने छ ।

## २१. कोषको रकम खर्च गर्ने तरिका :

संस्थाको कोषमा जम्मा भएको रकम खर्च बगर्दा देहाय बमाजिम खर्च तरिका अपनाई खर्च गरिने छ ।

(क) संस्थाको बार्षिक कार्यक्रम र योजना स्वीकृत नगरि कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित कार्यक्र र बजेटको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नु पर्ने छ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

## २२. संस्थाको लेखा र लेखा परिक्षण :

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कनून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

(२) संस्थाको लेखापरिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत आफै वा मातहतका कर्मचारीकहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

(४) लेखा परिक्षणरको नियुक्ति बार्षिक साधारण सभाबाट हनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखा परीक्षकको बार्षिक प्रतिबेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति जिल्ला प्रशासन कार्यालय, जिल्ला बिकास समिति, समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गरिनेछ ।

**परिच्छेद-७**

**निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था**

## २३. निवाचन सम्बन्धी व्यबस्था :-

(क) यस संस्थाको कार्यसमितिको निर्वाचन गर्नका लागि कार्य समितिले ३ जना निर्वाचन अधिकृत नियुत्तल गर्नेछ निर्वाचन सम्बन्धी नियमहरू प्रचलित निर्वाचन ऐन तथा नियम बमोजिम नै हुनेछ ।

(ख) निर्वाचन सम्बन्धी आवश्यक नियमहरू निर्वाचन समितिले र्न तयार गर्नेछ

(ग) साधारण सभा सदस्यहरू मध्येबाट कम्तिमा १/४ एक चौथाई सदस्यहरूको सहमति आएमा निर्वाचन अधिकृतले नयाँ कार्य समितिको घोषणा गर्नेछ ।

## २४. उम्मेदवार हुने अयोग्यता :-

(क) सामान्य लेखपढ गर्न नसक्ने

(ख) २४ पुरा नपुगेको

(ग) गैर नेपाली नागरिक

(घ) दामासायी परेको

**२५. अविश्वासको प्रस्ताब :-**

(१) अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको विरूद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नपर्नेछ

(क) नेपाली भाषमा शिष्ट ब्यवहारिक हुनु पर्छ

(ख) प्रस्तावित विषय स्पष्ट र ब्यवहारिक हुनु पर्छ

(ग) साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ एक चौथाई सदस्यहरूको प्रस्ट नाम थर ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

(२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११(४) बमोजिम साधारूण सभा पा विशेष साधारण सभा बस्ने सूचना दिईने छ ।

(३) कुनै सदस्य वा पदाधिकारी उपर अविश्वास प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव साधारण सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित हुनु पर्नेछ । तर सफाईको मौकाबाट भने वञ्चित गरिनेछैन ।

**(४) अविश्वासको प्रस्तावमाथि छलफल**

(क) साधारण सभामा अध्यक्षता गर्ने ब्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उप दफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहतिको आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य तीनजना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उपदफा १० बमोजिम अविश्वासको प्रसताव जुन पदाधिकारीहरूविरूद्ध प्रस्तुत गरिएको हो । अध्यक्षता गर्ने ब्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिईनेछ ।

**५. अविश्वासको माथि निर्णय**

(१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने ब्यक्तिले सो अविश्वासको प्रसतावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागी देहाय बमोजिमको कुनै उक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

(क) अविश्वासको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(ख) साधारण सभाको सदस्यलाई अविश्वाशको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

**२६. विधान संशोधन सम्बन्धी ब्यवस्था :**

(क) यस विधानलाई संशोधन गर्ने अधिकार साधारण सभालाई हुने छ ।

(ख) विधान संशोधन सम्बन्धी प्रस्ताव कार्य समितिले आफ्नो सिफारिश सहित साधारण सभामा पेश गर्नु पर्ने छ ।

(ग) यस संस्थाको विधान संशोधन गर्न सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतले पारित गरी स्थानिय अधिकारीको स्वीकृति लिइ लागु गरिने छ । र सोको जानकारी समाज कल्याण परिषदलाई दिईने ।

**२७. नियम बनाउने :**

(क) यस संस्थाको दैनिक कार्यमा सरलता प्रदान गर्न नियमहरू बनाउनु पर्ने भएमा कार्य समितिले विधानको परिधिभित्र रही नियम बनाउन सक्ने छ । सो नियम साधारण सभाबाट पारति गराई लागु हुने छ र स्थानीय अधिकारीलाई जानकारी दिनु पर्ने छ ।

(ख) सो विधान र विधान अर्न्तगत बनेको नियको अधिकनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनको लागि कार्यसमितिले कर्मचारी ब्यवस्था र आर्थिक प्रशासन सम्बन्धी नियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पार्ने छ ।

**२८. कर्मचारीको ब्यवस्था :**

(क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्रापत गरी संस्थाको संचालन गर्ने कायान्वयन विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेपा,कामको औचित्य, सुविधा र तीको योग्यता समेतको विवरण स्थानिय अधिकारी, जिल्ला कार्य समिति र समाज कल्याण परिषद् समेत जानकारी गारईनेछ ।

**२९. अधिकार प्रत्यायोजन सम्बन्धी ब्यवस्था :**

यस संस्थाको कुनै पनि पदाधिकारीहरूको अधिकार अर्को सदस्य वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिने छ

**३०. ब्याख्याको अधिकार :**

यस विधानको ब्याख्याको अधिकारी संस्थाको साधरण सभालाई हुने छ ।

**३१. संस्था विघठन :**

संस्थाको विधान बमोजिम कार्उ संचालन गर्न नसके वा अँय कुनै कारण यस संस्था विघटन चएमा संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा जाने छ । कुनै कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारमा जानेछ वा नेपाल सरकारले तोके बमोजिम हुने छ ।

**३२. बचाउ** :

(क) यस विधानमा जेसुकै कुरा लेखिएको भएतापनि प्रचलित नेपालको कानूनसंग बाझिएमका बाझिएको हद सम्म स्वतः निष्कृय भएको मानिने छ ।

(ख) यस विधानमा नपरेकौ कारणबाट कुनै काएमा बाधा परेमा कार्य समितिले नियम बनाई कार्य गर्न सक्नेछ ।

३३. हामी.......................................................................को निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मञ्जूर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

| <u>संस्थापकको नाम, थर र ठेगाना :</u> | <u>साक्षीको नाम, थर र ठेगाना :</u> |
|---|---|
| नाम, थर : | नाम, थर : |
| ठेगाना :..................जिल्ला.................... | ठेगाना.................जिल्ला.................... |
| गाविस/न.पा वडा नं.......... ब्लक नं. | गाविस/न.पा वडा नं.......... ब्लक |